का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ मंसिर २०८२
बिहीबार
11 December 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३०१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**जेनजी-सरकार सम्झौता**

# जेनजी आन्दोलनले पायो राजनीतिक वैधता

## अब भनिनेछ- २०८२ को जनआन्दोलन

■ मुकुन्द लामिछाने/मध्यान्ह

अब जेनजी आन्दोलन र त्यसका मागहरूलाई संस्थागत गरिनेछ । २००७, २०४६, २०६२/६३ सालको परिवर्तनजस्तै २०८२ पनि राजनीतिक आन्दोलन भएको वर्षका रूपमा दस्ताबेजीकरण हुनेछ ।

समाचार पृष्ठ २ मा

**■ सम्झौतामा समावेश विषय**

- ज्यान गुमाएकाहरूलाई शहीद घोषणा
- गैरन्यायिक हत्याको छानबिन
- दलीयकरणको अन्त्य
- नो भोट व्यवस्था र विदेशमा रहेकालाई मताधिकार
- संविधान संशोधनको प्रक्रिया अगाडि बढाउने
- कार्यकारी प्रमुखमा दुई कार्यकाल
- पूर्णसमानुपातिक समावेशिता
- सरकारी निर्णय र खर्च पारदर्शी
- अभिव्यक्ति स्वतन्त्रता
- जेनजी परिषद् गठन

# अदालत र सरकार आमनेसामने

सरकारका प्रतिनिधिहरू अनौपचारिक रूपमा अदालतले रोक लगाएका निर्णयप्रति असन्तुष्ट सुनिन्छन् । राजदूतहरू फिर्ताको विषयमा त सरकारले उनीहरूलाई परराष्ट्र मन्त्रालयमा हाजिर गराएर राखेको छ ।

**■ सर्वोच्चले रोकेका सरकारका निर्णय**

- *नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णय*
- *विभिन्न ११ देशबाट राजदूत फिर्ता बोलाउने निर्णय*
- *भूमि आयोग खारेज गर्ने निर्णय*



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ मंसिर

संसदीय शासन व्यवस्थामा राज्यका अंगहरू कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका एक अर्कोप्रति चेक एन्ड ब्यालेन्समा रहन्छन् । चौथो अंगका रूपमा रहेको सञ्चार क्षेत्रलाई तिनै अंगलाई खबरदारी गरिरहेको हुन्छ । यसकारण यी अंगहरू कुनै पनि विषयमा आमुनेसामने हुनु स्वाभाविक हो । तर एकले अर्कोको नियतमाथि नै प्रश्न उठाउने अवस्था स्वाभाविक होइन । पछिल्लो समय सरकार र अदालतबीच यस्तो देखा पर्न खोजेको छ ।

खासगरी सरकारले गरेका निर्णयहरूको न्यायिक परीक्षण गर्ने क्रममा अदालतले सरकारको म्यान्डेड के हो र सरकारले गरेका निर्णय किन सान्दर्भिक छैन भन्ने सन्दर्भमा सरकारमाथि नैतिक प्रश्न उठ्ने शैलीमा फैसला र आदेश भएका छन् । पछिल्लो उदाहरण हो- नेपाल विद्युत् प्राधिकरणका »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## म्यानमारको स्क्यामिङ सेन्टरबाट ४७ नेपालीको उद्धार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ मंसिर

बैंककस्थित नेपाली दूतावासले वैदेशिक रोजगारका नाममा म्यानमारको म्यावाडी क्षेत्रम अवैध रूपमा सञ्चालनमा रहेका अनलाइन स्क्यामिङ केन्द्र पुऱ्याइएका ४७ नेपाली कामदारको उद्धार गरेको छ । थाइल्यान्ड र म्यानमार सरकारसँग समन्वय गरी बैंककस्थित नेपाली दूतावासले उनीहरूलाई बुधबार नेपाल फर्काएको हो ।

नेपाली दूतावासका अनुसार बन्धक बनाइ टेलिकम ठगी तथा अनलाइन जुवा खेलाउने काममा लगाइएका उनीहरूलाई विभिन्न प्रलोभनमा पारी विभिन्न माध्यमबाट त्यहाँ पुऱ्याइएको थियो । उनीहरूलाई म्यानमारमा अवैध रूपमा सञ्चालन भएका अनलाइन स्क्यामिङ केन्द्रहरूमा विभिन्न अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टोलगायतका काममा लगाइएको थियो । नेपाली दूतावासले थाइल्यान्डका सम्बन्धित निकायहरूको समन्वय र सहयोगमा उद्धार गरी उनीहरूलाई बुधबारको नेपाल एयरलाइन्सको उडान नं. ४०२ मार्फत नेपाल फर्काएको छ ।

उद्धार गरिएका व्यक्तिहरूमा २६ जिल्लाका ४५ जना पुरुष तथा २ जना महिला »» पृष्ठ २ मा

### विभागबाट १३ बिचौलिया पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागमा छिटो श्रम स्वीकृति दिलाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले १३ जनालाई पक्राउ गरेको छ । उनीहरूले वैदेशिक रोजगारमा जाने कामदार हरूलाई विभिन्न प्रलोभन र घेराबन्दीमा पारेर बार्गेनिङ गरेर बिचौलियाको काम गरेको प्रहरीको भनाइ छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले उनीहरूले श्रम »» पृष्ठ २ मा

# दलका निर्णायक तहमा छैनन् महिला



पुरुषहरू महिलाहरू नआए हुन्थ्यो, नेतृत्व दिन नपरे हुन्थ्यो भन्नेमा छन् । कहाँ सजिलै नेतृत्व गर्न दिन्छन् ? त्यो त खोसेर लिनुपर्छ ।

■ **डा. मिना पौडेल**
**समाजशास्त्री**



महिलाहरूको पक्षमा संविधान बने, पार्टीमा विधान बने । ती विधान आत्मसात् गर्नुपर्ने निर्णय भएन ।

■ **उषाकिरण तिम्सेना**
**नेता, एमाले**




**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २४ मंसिर

संविधानले राज्यका हरेक निकायमा कानुनी रूपमै महिला समावेशिता सुनिश्चित गरिएको छ । राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता भनिए पनि व्यवहारमा भने अर्थपूर्ण उपस्थिति देखिएको छैन । प्रत्यक्ष निर्वाचनदेखि दलका निर्णायक तहमा महिला सहभागिता शून्य प्रायः छ ।

गत आमचुनाव-२०७९ मा प्रत्यक्ष निर्वाचनमा टिकट दिनसमेत दलहरूले कन्जुस्याइँ गरेको देखिन्छ । माओवादी केन्द्रसहित पाँच दलीय गठबन्धन बनाएको नेपाली कांग्रेसले १ सय ६५ प्रत्यक्ष निर्वाचन क्षेत्रमध्ये ८३ स्थानमा उम्मेदवारी दिएको थियो । तीमध्ये पाँच जना मात्र महिला थिए । १ सय ३० स्थानमा उम्मेदवार उठाएको नेकपा एमालेले ११ महिला र ४३ क्षेत्रमा उम्मेदवारी दिएको माओवादी केन्द्रले आठ महिलालाई उम्मेदवार बनाएको थियो । स्थानीय तहका प्रमुख वा उपप्रमुखमध्ये एक महिना हुनुपर्ने प्रावधानसमेत दलहरूले चुनावी गठबन्धनमार्फत चुनौती दिन भ्याए । फलस्वरूप गठबन्धन सफल भएका ठाउँमा स्थानीय सरकार प्रमुख र उपप्रमुख दुवै पुरुष निर्वाचित हुने स्थिति बन्यो ।

संसदीय चुनावमा मात्र होइन, दलका निर्णायक मानिएका माथिल्ला कमिटीमा पनि महिलाको संख्या नगण्य छ । कांग्रेसमा १४ पदाधिकारीमध्ये एक जना मात्र महिला छन् । निर्वाचन आयोगका अनुसार १ सय ६५ सदस्यीय केन्द्रीय कमिटीमा ५४ जना मात्र महिला छन् । जुन ३३ प्रतिशत पुग्दैन । नेकपा एमालेको सबैभन्दा माथिल्लो १९ सदस्यीय पदाधिकारी कमिटीमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य र सचिव पद्मा अर्याल मात्र छन् । ३ सय ५४ सदस्यीय केन्द्रीय कमिटीमा १ सय १६ जना »» पृष्ठ २ मा

जेनजी– सरकार सम्झौता

# जेनजी आन्दोलनले पायो राजनीतिक वैधता

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ मंसिर

जेनजी आन्दोलनले तीन महिनापछि राजनीतिक वैधता पाएको छ। जेनजीका प्रतिनिधिहरू र सरकारबीच १० बुँदे सम्झौता भएसँगै २३ र २४ भदौमा भएको आन्दोलनले राजनीतिक वैधता पाएको हो । यो सँगै अब जेनजी आन्दोलन र त्यसका मागहरूलाई संस्थागत गरिनेछ, जेनजी आन्दोलन राजनीतिक रूपमा दस्ताबेजीकरण हुनेछ ।

नेपालमा भएका पछिल्ला राजनीतिक परिवर्तन २००७ साल, २०४६ साल, २०६२/६३ सालमा भएका छन् । यसमा अब २०८२ साल पनि थपिएको हो । २००७ साल सालको आन्दोलनले राणा शासन ढाल्यो । २०१५ सालमा आमनिर्वाचन भएर जननिर्वाचित सरकार नै बन्यो । तर तत्कालीन राजा महेन्द्रले जननिर्वाचित सरकार अपदस्त गरेर पञ्चायती शासन सुरु गरे । महेन्द्रको 'कु'बाट सुरु भएको पञ्चायती शासन व्यवस्था २०४६ सालसम्म चल्यो । तत्कालीन नेपाली कंग्रेस र नेकपा एमालेसहितका कम्युनिस्टहरूले गरेको संयुक्त जनआन्दोलनले नेपालमा प्रजातन्त्र पुर्नबहाली गर्‍यो । आमनिर्वाचन भएर मुलुक अगाडि बढ्यो । तर राजतन्त्र कायमै थियो ।

२०५१ सालमा तत्कालीन नेकपा माओवादीले सशस्त्र युद्ध सुरु गर्‍यो । सशस्त्र युद्ध अन्त्य गर्ने र राजतन्त्र फालेर गणतन्त्र ल्याउनेगरी २०६२/६२ सालमा संयुक्त जनआन्दोलन भयो । जसले मुलुकबाट राजतन्त्र समाप्त गरिदियो भने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित गर्‍यो । संविधान सभाबाट संविधान बनाउन भने २०६४ देखि २०७२ सालसम्म लाग्यो ।

मुलुक जनताले बनाएको संविधानअनुसार अगाडि बढ्दासमेत दलतन्त्र भने फेरि पनि तोडिएन । राजनीतिक नियुक्ति, संवैधानिक नियुक्ति, विद्यालय, विश्वविद्यालय, राज्यका संयन्त्र, कर्मचारीतन्त्र, सुरक्षा



सबैतिर राजनीतिक दलको प्रभाव बढ्दै गयो र क्षमताले भन्दा पनि दलीय आबद्धताले अवसर पाए । घटना र विषयलाई विवेकले नभई दलीय दृष्टिले हेर्ने अभ्यास भयो । यस्तो दलतन्त्र तोड्ने उद्देश्यसहित जेनजी पुस्ताले गत २३ र २४ भदौमा आन्दोलन गरे । जसले विघटित प्रतिनिधि सभाबाट दुई तिहाइ बहुमत जुटाएर शासन गरिरहेको सरकारलाई अपदस्त गर्‍यो ।

सोही आन्दोलनको जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारसँग जेनजीका प्रतिनिधिहरूले सम्झौता गरेसँगै पछिल्लो आन्दोलनले समेत राजनीतिक वैधता पाएको हो ।

राजनीतिक वैधता पाउनेगरी सरकार र जेनजीबीच भएको १० बुँदे सम्झौतामामा शहीद र घाइतेको सम्मान र परिपूरणका विषय समावेश रहेका छन् ।

सम्झौताअनुसार भाद्र २३ र २४ को आन्दोलनमा ज्यान गुमाएकाहरूलाई शहीद घोषणा गरिनेछ । शहीद परिवार र घाइतेहरूलाई क्षतिपूर्ति, निःशुल्क स्वास्थ्य उपचार, शिक्षा, रोजगारी, सामाजिक सुरक्षा र स्मृतीकरणको व्यवस्था गरिनेछ । साथै सदाचार र सुशासन प्रवर्धन तथा भ्रष्टाचार निवारणका लागि स्थायी आयोग गठन गरिनेछ ।

दोस्रो बुँदामा भाद्र २३-२४ का घटनाको अनुसन्धान गर्ने विषय समावेश छ । जसअनुसार, सरकारले गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगले अत्याधिक बलप्रयोग र गैरन्यायिक हत्याको छानबिन गरी दोषीहरूलाई फौजदारी कारबाही गर्न सिफारिस गर्नेछ। आन्दोलनकारीहरूलाई राजनीतिक गतिविधिमा सहभागी भएकै कारण फौजदारी कारबाही गरिनेछैन । भविष्यमा यस्ता घटना नदोहोरिन संस्थागत सुधारका लागि छुट्टै संयन्त्र गठन गरिनेछ ।

उच्चस्तरीय आयोग गठन गरी सार्वजनिक पद धारण गरेकाहरूको जीवनशैली र सम्पत्ति छानबिन गरिने विषय उल्लेख छ । साथै, दलीय भागबन्डामा आधारित नियुक्ति अन्त्य गरिनेछ । राजनीतिक दल र नेताहरूको नाममा रहेका प्रतिष्ठान, कोष र ट्रस्टहरूको छानबिन गरी गैरकानुनी सम्पत्ति राष्ट्रियकरण गरिनेछ।

सम्झौताअनुसार मतपत्रमा नोटा, अर्थात् 'माथिका कसैलाई मतदान गर्दिनँ' भन्ने नो भोटको विकल्प राखिनेछ । राजनीतिक दलभित्र अनिवार्य प्राइमरी इलेक्सन गराउनेगरी कानुन बनाइनेछ। दलका अध्यक्ष अधिकतम दुई कार्यकालका लागि मात्र हुन सक्नेछन् ।

विदेशमा बसेका नेपाली र प्रवासी श्रमिक तथा विद्यार्थीहरूको मताधिकार सुनिश्चित गरिनेछ । उम्मेदवार र दलको खर्च पारदर्शी बनाइने विषय यसमा उल्लेख छ ।

सम्झौताअनुसार संविधान संशोधन प्रक्रिया अगाडि बढाइनेछ। जसअन्तर्गत संविधान संशोधनका लागि स्वतन्त्र विज्ञ, जेनजी र सरोकारवालासहितको उच्चस्तरीय आयोग गठन गरिनेछ।

सम्झौताअनुसार राज्यको राष्ट्रप्रमुख, तीनै तहको सरकारका कार्यकारी प्रमुख र मन्त्रिपरिषद्का सदस्यको पदावधि दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने कानुन बनाइनेछ ।

सम्झौताअनुसार महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत समुदाय, किसान, श्रमिक र आर्थिक रूपमा विपन्न खस आर्यको अधिकतम प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

सरकारका निर्णय र खर्च पारदर्शी बनाइनेछ र सामाजिक सञ्जालमार्फत सर्वसाधारणको सहज पहुँचमा पुर्‍याइनेछ । विगतमा गठित सबै छानबिन आयोगका प्रतिवेदन सार्वजनिक गरिनेछ । सार्वजनिक पदहरूमा पारदर्शी र प्रतिस्पर्धी छनोट प्रक्रिया सुनिश्चित गरिनेछ।

इन्टरनेट र डिजिटल माध्यममा अभिव्यक्ति स्वतन्त्रतामा कुनै किसिमको स्वेच्छिक सेन्सरसिप हुन नदिइने ग्यारेन्टी सम्झौतामा छ ।

शासन व्यवस्था सञ्चालनमा सरकारलाई योगदान, खबरदारी र सुशासनका लागि सल्लाह, सुझाव र सहयोग प्रदान गर्न जेनजी परिषद् गठन गरिने विषय पनि यो बुँदामा उल्लेख गरिएको छ ।

सम्झौतामा सबै विषय कार्यान्वयन गरिने सुनिश्चितता पनि छ ।

## अदालत...

कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाउने सरकारको निर्णयउपरको न्यायिक परीक्षण । सरकारले गत असोजमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई पदबाट हटाएको थियो । हालै सर्वोच्च अदालतले शाक्यलाई पुनर्स्थापित गरिदिएको छ ।

पुनर्स्थापित गर्दै गर्दा अदालतले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबाट सरुवा गरेर ऊर्जा आयोगमा पठाइएका हितेन्द्रदेव शाक्यको रिट निवेदनमा सर्वोच्च अदालतले सोमबार दिएको आदेशमा उनलाई 'नियुक्त गरिएको पदबाट हटाउने विभागीय मन्त्रीको प्रस्ताव नै पूर्वाग्रही र प्रतिशोधपूर्ण देखिएको' भनेको छ ।

उक्त आदेशमा विभागीय ऊर्जामन्त्री कुलमान घिसिङबारे पनि टिप्पणी गरिएको छ ।

जेनजी आन्दोलनपछि भदौ अन्तिममा बनेको सुशीला कार्की नेतृत्वको सरकारमा ऊर्जामन्त्री बनेका घिसिङलाई कार्यकाल सकिन चार महिना बाँकी छँदै अघिल्लो सरकारले बर्खास्त गरेर उनको ठाउँमा शाक्यलाई नियुक्त गरेको थियो । तिनै घिसिङ मन्त्री बनेपछि आफ्नो ठाउँमा कार्यकारी निर्देशक बनेका शाक्यलाई प्राधिकरणबाट हटाएका थिए ।

यसलाई अदालतले प्रतिशोध भनिदिएको छ । सरकारले निर्णय गर्दा प्रतिशोध देखिने वा न्यायिक प्रकृतिको नदेखिने वा कार्यकारीको निर्णयका क्षेत्रभन्दा बाहिर गएर निर्णय गर्नुहुँदैन भनेर अदालतले भनेको छ ।

२३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । सोही आन्दोलनको जगमा कार्की नेतृत्वमा अन्तरिम सरकार बनेको हो । अन्तरिम सरारले यसअघिको जननिर्वाचित सरकारले गरेका निर्णय उल्टाउँदा अदालतले रोक लगाइदिएका अरू पनि उदाहरण छन् ।

विभिन्न ११ देशबाट राजदूत फिर्ता बोलाउने र भूमि आयोग खारेज गर्नेलगायतका निर्णय पनि अदालतबाट रोकिएका छन् ।

गत असोज ३० मा सरकारले राजनीतिक सिफारिसमा नियुक्त ११ वटा देशका राजदूत फिर्ता बोलाउने निर्णय गरेको थियो । तर सर्वोच्च अदालतले सो निर्णय कार्यान्वयनमा रोक लगाइदियो ।

ती सबै राजदूत केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले नियुक्त गरेको थियो । राजदूत फिर्ताको निर्णय रोक्दा अदालतले 'आवश्यकता र औचित्य' पुष्टि हुने कुनै कारण समेत नखुलाइएको भनेर सरकारको नियतमाथि नै प्रश्न उठाइदिएको छ ।

सरकारले गत असोज २३ गते भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय गरेको थियो । यसलाई पनि लागू गर्नबाट अदालतले रोकिदिएको छ । आयोग गठनका सन्दर्भमा राजनीतिक रूपमा प्रश्न उठे तापनि सरकारले खारेज गर्दा लिएको आधारलाई अदालतले उचित ठानेन र रोकिदियो ।

अदालतको फैसलाउपर राजनीतिक व्यक्तिले भने यदाकदा टिप्पणी गर्ने गरेको पाइन्छ । वर्तमान सरकारकै प्रतिनिधिले भने कुनै टिप्पणी गरेका छैनन् । तथापि सरकारका प्रतिनिधि अनौपचारिक रूपमा अदालतले रोक लगाएका निर्णयप्रति सन्तुष्ट देखिँदैनन् । राजदूत फिर्ताको विषयमा त सरकारले उनीहरूलाई परराष्ट्र मन्त्रालयमा हाजिर गराएर राखेको छ ।

## दलका...

महिला छन् । एमालेमा पनि महिला प्रतिनिधित्व ३३ प्रतिशत पुग्दैन । आउँदो शनिबारदेखि एमालेको ११औं महाधिवेशन हुँदै छ । नेताहरूले नेतृत्वमा दाबी गरिरहेका छन् । तर मूल नेतृत्वदेखि निर्णायक तहमा महिला नेताको बलियो दाबेदारी देखिँदैन।

साबिकको माओवादी केन्द्रको २४ सदस्यीय पदाधिकारीमा पम्फा भुसाल मात्र थिइन् । पुराना दल मात्र होइन, गत आमचुनावबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का ६ पदाधिकारीमा एक जना मात्र महिला छन् । ५८ सदस्यीय केन्द्रीय समितिमा २० जना महिला छन् । राप्रपाको २५ सदस्यीय पदाधिकारी कमिटीमा दुई जना मात्र महिला छन् । यो तथ्यांकले संविधानले महिला सहभागिता सुनिश्चित गरे पनि दलहरू अनुदार देखिएका छन् ।

जेनजी आन्दोलनको जगमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पहिलो महिला प्रधानमन्त्री भएपछि सेना, प्रहरीबाहेक राज्यका सबै महत्वपूर्ण अंगको नेतृत्वमा महिला पुगेको देखिन्छ । तर एकाध व्यक्ति शीर्ष तहमा पुग्दैमा महिलाको संवैधानिक प्रतिनिधित्व व्यवहारमा लागू भएको छैन ।

हालै निर्वाचन आयोगले जारी गरेको निर्देशनमा प्रत्यक्षतर्फको उम्मेदवारीमा ३३ प्रतिशत (एक तिहाइ) महिला हुनुपर्ने व्यवस्था छ । त्यस्तै, प्रत्येक राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्‍याउने नीति लिन जरुरी छ। समाजशास्त्री डा. मिना पौडेलले संविधानमा महिलाको ३३ प्रतिशत सहभागिता ढाँटको खेती भएको बताइन् । 'त्यो एउटा सहभागिताका लागि महिलाहरूको सहभागी मात्र हो,' उनले भनिन्, 'जसरी पुरुषहरू स्वार्थका लागि एक भएर लाग्छन् । महिलाहरू पनि एक हुन जरुरी छ ।'

पूर्वसांसद रमा कोइराला पौडेल महिलालाई संविधानले दिएको अधिकार पाउन पनि निकै संघर्ष गर्नुपर्ने बताउँछिन् । 'आर्थिक, सामाजिकदेखि हरेक क्षेत्रमा महिलाहरूले संघर्ष गर्दै आइरहेका छन्,' बुधबार उनले प्रेस युनियनको महिला विभागले राखेको अन्तर्क्रियामा भनिन्, 'त्यसका लागि महिलाको सहभागिता कोटा प्रणालीमा मात्रै होइन, 'निर्णायक तहदेखि कार्यान्वयनसम्म सहभागिता हुनुपर्छ ।' नीति निर्माणमा महिलाको प्रत्यक्ष सहभागिता बढ्नुपर्ने उनको भनाइ छ ।

एमाले केन्द्रीय सदस्य उषाकिरण तिमिल्सना पछिल्लो समयमा राज्यका हरेक निकायमा महिलाहरूको अर्थपूर्ण सहभागिता हुन नसकेका गुनासोहरू सत्य भएको बताइन् । 'गणतन्त्र आइसकेपछि महिलाको सहभागिता त छ,' उनले भनिन्, 'तर अर्थपूर्ण सहभागिता छैन ।'

महिलाहरू अझै पनि निर्णायक र कार्यान्वयन तहमा पुग्न नसकेको उनी बताउँछिन् । 'महिलाहरूको पक्षमा संविधान बने, पार्टीमा विधान बने' तिमिल्सना भन्छिन्, 'ती विधान आत्मसात् गर्नुपर्ने निर्णय भएनन् ।'

राष्ट्रिय मानवअधिकार आयोगको पूर्वसदस्य मोहना अन्सारी राजनीतिक निकायमा महिलाहरूको सहानुभूति मात्र पाइरहेको बताउँछिन् । 'प्रधानमन्त्री महिला छिन् भनेर समग्र महिलाको प्रतिनिधि भन्न मिल्दैन्,' उनले भनिन्, 'केही अपवादबाहेक महिला सहअस्तित्व र सहभूमिकामा छैनन् ।'

नेपालमा पुरुष हाबी भएकै कारण महिलालाई निर्णयक तहमा पुग्न गाह्रो भएको समाजशास्त्री पौडेल बताउँछिन् । 'पुरुषहरू महिलाहरू नआए हुन्थ्यो, नेतृत्व दिन नपरे हुन्थ्यो भन्नेमा छन्, ' उनले भनिन्, 'कहाँ सजिलै नेतृत्व गर्न दिन्छन् ? त्यो त खोसेर लिनुपर्छ ।'

राजनीति विश्लेषक पुरुषोत्तम दाहालले कोटा प्रणालीले केही हदसम्म भए पनि महिला समावेशिता बढाएको बताउँछन् । 'महिलाहरू पनि पुरुषसरह सक्षम नै छन् तर राज्यको बराबरी दर्जामा छैनन्, 'उनले भने, 'नीति निर्माणदेखि कार्यान्वयसम्म अक्षरमा कहींकतै खोट छैन । तर व्यवहारमा उल्टो छ ।'

## म्यानमारको...

छन् । नेपाली दूतावासले चितवन, दैलेख, कास्की, काठमाडौं, काभ्रे, पाल्पा, रामेछाप, रौतहट, सल्यान, सर्लाही, सिन्धुली, ताप्लेजुङ, तेह्रथुम जिल्लाका एक-एक जना रहेको बताएको छ ।

त्यसैगरी दाङ, महोत्तरी, मोरङ, नवलपरासी, नुवाकोट, स्याङ्जा र तनहुँ जिल्लाका दुई-दुई जना, धादिङ, गोरखा, रुपन्देही, सिन्धुपाल्चोक र उदयपुर जिल्लाका तीन-तीन जना र झापा जिल्लाका ५ जना रहेको बताएको छ ।

१७ वर्षदेखि ४१ वर्ष उमेर समूहका उनीहरूको शैक्षिक योग्यता प्राय प्लस टु पास रहेको छ। कतिपय सूचना प्रविधिसम्बन्धी अध्ययन गरेकासमेत रहेको नेपाली दूतावासले जनाएको छ । उनीहरूलाई स्क्यामिङ केन्द्रहरूमा दुई देखि १८ महिनासम्म जबरजस्ती काममा लगाइएको देखिएको पनि नेपाली दूतावासले जनाएको छ ।

उद्धार गरिएका व्यक्तिहरूले आफूहरू विभिन्न व्यक्ति, साथीभाइ तथा अनलाइन साथी, पबजीलगायतका अनलाइन गेम खेल्ने साथी, सामाजिक सञ्जालको विज्ञापन आदिको सम्पर्कबाट त्यहाँ पुगेको बताएका छन् । कोही भारतमा अध्ययन गर्दाको साथीमार्फत, कोही दुबईमा अध्ययन गर्दा तथा काम गर्दा चिनजान भएको साथीमार्फत समेत त्यहाँ पुगेका छन् ।

ह्वाट्सएप, भाइबर, मेसेन्जर, टिकटक, टेलिग्रामलगायतका सामाजिक सञ्जालबाट काठमाडौंमा घण्टाको राम्रो रकम कमाइन्छ भनी रोजगारीको प्रस्ताव आउने, त्यसमा रेस्पोन्स गरेपछि थप सम्पर्क हुँदै जाने र केही समयपछि भ्रमणका लागि आकर्षित मानिने मुलुकमा अफिस, कल सेन्टर, कम्प्युटर अपरेटर, रिसिप्सनिस्ट आदिको काममा एक लाखभन्दा धेरै तलब हुने भनेर प्रलोभनमा पार्ने गरेको देखिएको पनि नेपाली दूतावासले बताएको छ ।

स्क्यामिङ केन्द्रहरूमा पुगेपछि उनीहरूलाई केही महिनासम्म आरामदायी किसिमले काममा लगाउने, केही समयपछि कामको निश्चित लक्ष्य दिइने र सो पूरा गर्न नसके अन्य कुनै अपराधको दोष लगाएर चरम आर्थिक तथा शारीरिक शोषण गर्ने, बन्धक बनाइ परिवारबाट फिरौती माग गर्ने, जेल पठाउने, हत्या गर्नेलगायतका यातना समेत दिने गरेको देखिएको पनि नेपाली दूतावासको भनाइ छ । स्क्यामिङ केन्द्रबाट निस्किन खोजे उनीहरूको सट्टामा अर्को व्यक्तिलाई नल्याएसम्म सो स्थानबाट छुटकारा नदिने गरेको देखिएको नेपाली दूतावासले बताएको छ ।

दूतावासका अनुसार अनलाइन स्क्यामिङ केन्द्रमा अझै कति नेपाली छन् भन्ने यकिन भइसकेको छैन । यसअघि गत कात्तिक १९ गते पनि १४ जना नेपालीलाई म्यानमारबाट बैंकक ल्याएर नेपाल पठाइएको थियो। दूतावासका एक अधिकारीका अनुसार म्यानमारको सेनाले छापा मारेर नेपाली श्रमिकहरूलाई ती केन्द्रहरूबाट उद्धार गरेको हो ।

दूतावासले मंगलबार थाइल्यान्डको टाक प्रान्तस्थित मेसोट अध्यागमन कार्यालयबाट उनीहरूको जिम्मा लिएर नेपाल पठाएको थियो । नेपालीलाई लिन दूतावासको टोली थाइल्यान्ड-म्यानमार सीमा क्षेत्रमा पुगेको थियो । म्यानमारको सूचना मन्त्रालयले मंगलबार ६ देशका १ सय २३ जना विदेशी नागरिकको उद्धार गरिएको बताएको छ ।

## विभागबाट...

स्वीकृतिका लागि विभागमा जानेहरूलाई हैरानी दिँदै आएको गुनासो आएपछि उनीहरूलाई पक्राउ गरिएको जानकारी दिएका छन् ।

उनीहरूले श्रम स्वीकृति मात्रै नभएर ठगीमा परेकाहरूलाई ठगीमा संलग्नलाई पक्राउ पुर्जी जारी गरिदिने र पक्राउ गर्न समेत सहयोग गरिदिने बताएर सेवाग्राहीलाई दुःख दिएको गुनासो आएको एसपी आचार्यले बताए ।

विभागले 'क्यास लेस, फेस लेस'का आधारमा वैदेशिक रोजगार प्रशासन सञ्चालन गरिरहेको बताएको छ ।


स्थानीय सरकार
**हेलम्बु गाउँपालिका**
ཨོཾ། ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས།།
**गाउँ कार्यपालिकाको कार्यालय**
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**औषधी तथा औषधीजन्य सामान खरिदको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०८/२५ )

यस हेलम्बु गाँउपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम अत्यावश्यक तथा आधारभूत औषधी सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन, मिति २०८२/०९/११ को दिन १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| S N | IFB No. | Description of works | Bid Security Amount (NRs) | Price of Bid Document | Estimate cost without VAT & Contingencies (NRs) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | 04–05–082–83–SQG–HRM | Supply and Delivery of Medicine and Surgical items for Helambu Hospital | 50,000.00/- | 1000.00/- | 18,46,013.00/- | 45 |

**नोटः**
बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com



एमाले महाधिवेशन

# दुई समूहको भनाभनमा रावल र नेपालको चर्चा

**जानकी पाठक**
काठमाडौं, २४ मंसिर




नेकपा एमालेको ११औं महाधिवेशन आउँदो शनिबारदेखि सुरु हुँदै छ। मूलतः नेतृत्व चयनका लागि हुन लागेको महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली तेस्रोपटक नेतृत्वमा आउन चाहेका छन् भने उनलाई रोक्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले प्यानल बनाउँदै छन्।

ओली र पोखरेल दुवै पक्ष प्यानल बनाएरै प्रतिस्पर्धा गर्ने तयारीमा छ। पार्टी केन्द्रीय सदस्यमा युवा नेताको डेब्युको चर्चासँगै पदाधिकारीको आकांक्षा राख्ने नेताहरूको संख्या पनि ठुलै छ। दुवै समूहलाई टिम व्यवस्थापन सहज देखिँदैन। तीन महिनाअघि २०-२२ भदौमा गोदावरीमा भएको विधान महाधिवेशनले पदाधिकारी र केन्द्रीय संख्याको घटाउने तथा स्थायी कमिटी हटाउने निर्णय लिएको थियो। तर नेता व्यवस्थापनका लागि विधान संशोधन गरेर कमिटी बढाउनुपर्ने स्थितिमा अध्यक्ष ओली पुगेका छन्।

महाधिवेशनमा नेतृत्व दाबीको सरगर्मीका बीच चर्चामा छन्, दुई पूर्वएमाले नेताहरू माधव नेपाल र भीम रावल। नेपाल नवौं महाधिवेशनमा अध्यक्ष ओलीसँग पराजित भएका थिए भने रावल १०औं महाधिवेशनमा। तर, दुवै अहिले एमालेमा छैनन्। त्यसैले अध्यक्ष ओलीसँग प्रतिस्पर्धा गर्ने नेताहरूले पराजित भएपछि पार्टी छाड्ने त होइनन् भन्ने चासो पनि देखिन्छ। वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टी सचिवालयमा आफू अध्यक्षमा उठ्ने घोषणा गर्दै ओलीले प्रतिस्पर्धाका लागि तयार रहेको तर नेपाल र रावलजस्तो नगर्नू भनेका थिए। वरिष्ठ नेता पोखरेल महाधिवेशनको नतिजा स्वीकार्ने र एमालेमै रहने प्रष्टिकरण दिँदै हिड्नुपरेको छ।

बुधबार केही सम्पादकहरूसँगको छलफलमा पनि उनले सोही प्रतिक्रिया दिए। महाधिवेशनमा पराजित भए पनि आफूहरू एमालेमै रहने स्पष्ट पारे। प्रतिष्पर्धामा जानेहरूले पराजयलाई पनि स्विकार गरेर अघि बढ्ने मानसिकता बनाउनुपर्ने कुरामा आफूहरू सचेत रहेको उल्लेख गर्दै उनले भने, 'प्रतिस्पर्धा गर्नेले जित्दा खुशी हुने मात्र होइन्, हार्दा स्वीकार पनि गर्नुपर्छ। माधव नेपाल, भीम रावलहरूको जस्तो दृष्टान्त हाम्रो हकमा लागू हुँदैन।'

महाधिवेशनमा आफूहरू विजय हुने विश्वास व्यक्त गर्दै पराजय भए पनि एमाले नै भएर काम गर्ने कुरामा किञ्चित तलमाथि नहुने बताएका छन्। 'एउटा समस्या हामीमा के छ भने प्रतिष्पर्धा गर्न तत्पर हुने तर प्रतिष्पर्धाबाट प्राप्त हुने परिणामलाई स्वीकार गर्न नसक्ने। यो राजनीतिक संस्कारमा रहेको कमजोरी हो। हामी दृढतापूर्वक के कुरामा उभिन्छौं भने प्रतिष्पर्धा गरिन्छ भने त्यसको परिणामलाई स्वीकार गरिन्छ' पोखरेलले भने।

पार्टी सचिव योगेश भट्टराईले महाधिवेशनबाट वरिष्ठ उपाध्यक्ष पोखरेल अध्यक्षमा निर्वाचित हुने र अध्यक्ष ओलीलाई पनि रावल वा नेपाल बन्नु नपर्ने बताए। 'ईश्वर कमरेड अध्यक्ष हुनुहुन्छ। हामीले अध्यक्ष ओलीलाई पनि संरक्षक वा अभिभावककै रुपमा सम्मान गरेर अघि बढ्छौं' उनले भने, 'ओली कमरेडलाई भीम रावल वा माधव नेपाल बनाउँदैनौं।'

### ओलीबाहेक जोकोहीलाई स्वीकार्ने

वरिष्ठ नेता पोखरेलले महाधिवेशनमा नेतृत्व सर्वसम्मत गराउन अध्यक्ष ओलीले छाड्नुपर्ने बताए। ओलीले छाड्ने स्थितिमा बरु आफू उनले अघि सारेका नेतालाई स्वीकार्न तयार रहेको पनि उनले बताएका छन्। वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्ष ओलीको नेतृत्वभन्दा पनि कार्यशैलीप्रति आफूहरूको प्रश्न रहेको बताए। 'प्यानल बनाउने, नबनाउने भन्ने कुरा होइन। यो उम्मेदवारी कुनै झ्वाँक झ्वाँकमा गरिएको विषय होइन। हामीले पाटीको बैठकमा औपचारिक रुपले जानकारी पनि गराएको हो' उनले भने, 'सार्वजनिक रुपमा पनि हो। हामी कुनै अस्वभाविक रुपमा प्रस्तुत भएको होइन। पाटी अध्यक्षसँग मैले नै कुरा गरेर केन्द्रीय कार्यालयमा औपचारिक रुपमा दर्ता गरेको हो।'

# योजना तर्जुमा गर्दा कर्णालीमा सधैं राजनीतिक हस्तक्षेप : मुख्यमन्त्री कँडेल

**पूर्ण सार्की / मध्यान्ह**
सुर्खेत, २४ मंसिर



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कर्णालीमा योजना तर्जुमा गर्दा सधैं राजनीतिक हस्तक्षेप हुने गरेको बताएका छन्।

कर्णाली प्रदेश योजना आयोगले बुधबार आयोजना गरेको 'कर्णालीको विकास- सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले प्रदेशका विकास योजना तर्जुमा प्रक्रियामा लगातार राजनीतिक हस्तक्षेप हुने गरेको बताएका हुन्।

मुख्यमन्त्री कँडेलका अनुसार योजना तर्जुमा सेरोफेरोमा राजनीतिक पहुँच र प्रभाव हाबी हुँदा कर्णालीको विकास गति प्रभावित हुँदै आएको छ। उनले भने,'संघीयता आएर संरचना नयाँ बने पनि निर्णय प्रक्रिया भने पुरानै ढाँचामा छ। राजनीतिक हस्तक्षेपका कारण कहिलेकाहीँ अनिवार्य रूपमा कुरा मान्नुपर्ने बाध्यता पनि देखिन्छ।'

उनले प्रदेश मातहतका कार्यालयहरूले समयमै निर्णय नगर्दा जनअपेक्षाका काम अघि बढ्न नसकेको उल्लेख गर्दै पुराना कानुनले पनि कामकाजमा असहजता थपिरहेको बताए। विकास निर्माणमा ढिलासुस्ती रोक्न जनशक्ति र संस्थागत क्षमतामा सुधार गर्नुपर्ने उनको भनाइ थियो।

# जेनजी आन्दोलनमा आयोग जोगाउने सशस्त्र प्रहरी सम्मानित



**काठमाडौं/मस–** गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा निर्वाचन आयोग क्षति हुनबाट जोगाउन सफल तत्कालीन सशस्त्र प्रहरी बल, नेपाल नं. २४ बाघभैरव गुल्म काठमाडौंलाई आयोगले सम्मान गरेको छ। आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मंसिर २४ गते तत्कालीन सशस्त्र प्रहरी बल, नेपाल नं.२४ बाघभैरव गुल्म तथा गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक सुरेश कोइरालालाई सम्मान गर्दै आयोगको सुरक्षामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेकोमा धन्यवाद व्यक्त गरे।

गत भदौ २४ गते काठमाडौं महानगरपालिका-२७ कान्तिपथस्थित निर्वाचन आयोगको कार्यलयमा तोडफोड र आगजनीको प्रयास भएपछि तत्कालीन गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक सुरेश कोइरालाको कमाण्डमा खटिएको टोलीले प्रदर्शनकारीलाई अगाडि बढ्न नदिई मुख्य गेटको केही भित्र रोकेर सम्झाइ बुझाइ गरेको थियो। त्यति गर्दा समेत भिड थप आक्रोशित भएपश्चात उक्त टोलीले सामान्य बल प्रयोग गरी भिडलाई तितरबितर पारेर उत्पन्न परिस्थितिलाई नियन्त्रणमा लिएर आयोगलाई क्षति हुनबाट जोगाएको थियो।

# सीमानाकाबाट प्रतिबन्धित सवारी निर्बाध आउजाउ



**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, २४ मंसिर

रौतहटको ईशनाथ नगरपालिकास्थित लतमरी खुला नाकाबाट नियमविपरीत चारपांग्रे सवारी साधनको आवागमन बढेको खुलेको छ। विगत लामो समयदेखि दर्ताबिनै उक्त नाकाबाट नियमविपरीत सवारी आवागमन बढेको खुलेको हो।

सशस्त्र प्रहरी सहायक निरीक्षक दिलिप हायुको मिलेमतोमा 'मदिरा ओसारपसार' गर्ने सवारीलाई बिना दर्ता र बिना भन्सार जाँच प्रवेश गराएको स्थानीयको आरोप छ।

सवारीमार्फत के सामान ल्याइन्छ भन्ने निरीक्षणसमेत नगरी गरिने सहज प्रवेशले सीमा सुरक्षामा गम्भीर प्रश्न उठाएको छ। गौर मुख्य भन्सार नाकामार्फत मात्र चारपांग्रे गाडी ओहोरदोहोर गर्ने व्यवस्था रहे पनि लतमरीमा आर्थिक मिलेमतोमा प्रतिबन्धित सवारी निर्बाध आउजाउ गरिरहेको स्थानीयले आरोप लगाउँदै आएका छन्। यसले तस्करी, अवैध सामान भित्रिने, वैध व्यापार प्रभावित हुने र राज्यको राजस्व नै चुहावट हुने जोखिम बढाएको छ। सीमा नियन्त्रण कमजोर हुँदा आपराधिक समूह सशक्त बन्न सक्ने खतरा रहेको सुरक्षा स्रोत बताउँछ।

# रुकुम कांग्रेसमा युवा नेतृत्वको बलियो दाबी, सभापतिमा चर्को प्रतिस्पर्धा

**प्रचण्ड खत्री / मध्यान्ह**
रुकुम पश्चिम, २४ मंसिर



नेपाली कांग्रेसले केन्द्रीय महाधिवेशन तोकेपछि देशभर आन्तरिक चुनावको माहोल तात्न थालेको छ। यससँगै आगामी पुस २१ गते तोकिएको नेपाली कांग्रेस रुकुम पश्चिम जिल्ला अधिवेशनको चर्चा पनि सुरु भएको छ।

जिल्ला अधिवेशनमा सभापतिका लागि एक दर्जन बढी नेताहरूले आकांक्षा राखेका छन्। तर दोस्रो पुस्ताका युवा नेताहरूको बलियो दाबी देखिन्छ। जेनजी आन्दोलनपछि देशका मुख्य दलहरूको नेतृत्वमा युवा आउनुपर्ने आवाज बढेको छ। यसअनुसार रुकुम कांग्रेसको सभापतिमा पनि महेन्द्र केसी, खडक डाँगी, शिव आचार्य र यज्ञ विष्ट लगायतका युवा नेताहरूको दाबी बलियो रहेको छ। मुसिकोट नगरपालिका मेयर महेन्द्र केसीले पार्टीलाई चलायमान बनाउन सशक्त उम्मेदवारी दिने बताएका छन्।

अर्का आकांक्षी शिव आचार्यले जेनजी आन्दोलनको सन्देशनै पुराना दलभित्र युवा र पार्टीलाई रुपान्तरण गर्न सक्ने नेता खोजेको कारण आफु सर्वसम्मत नभएपनि चुनावमा प्रतिस्पर्धा गर्ने बताए। खडक डाँगीले अघिल्लो पटक अन्य नेताहरूलाई सहयोग गरेको अनुभवले यसपटक सहज रूपमा सभापति बन्न सहयोग हुने बताए। यज्ञ विष्टले पनि पार्टीमा सक्रिय रहँदै युवा नेतृत्वको मागअनुसार आफ्नो दाबी राखेका छन्।

दोस्रो पुस्तासँगै हालको जिल्ला समितिका पदाधिकारी तथा पूर्वपदाधिकारीहरू पनि सभापतिका लागि दावी राख्दै छलफल गरिरहेका छन्। पूर्वसभापति प्रेमप्रकाश ओली दुई पटक सभापति भएर अब चुनाव लड्न नपाउने भएपनि अन्य अधिकांश पदाधिकारीहरू सभापतिकै लाइनमा रहेका छन्।


## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/२५**

डडेल्धुरा जिल्लामा रहेको सिद्धनाथ सामुदायिक वन उपभोक्ता समूह, भागेश्वर गा.पा वडा नं. ४, डडेल्धुराको वन क्षेत्रबाट आ.व.०८१/०८२ मा उत्पादन भई भागेश्वर ४ आर्कुडा सडक छेउमा घाटगद्दीमा राखिएका सल्ला जातको गोलिया काठ ए ग्रेड १०० थानको परिमाण २१५७.७५ क्यू.फिट र सल्ला जातको गोलिया काठ बि ग्रेड १३८ थानको परिमाण १७७३.४७ क्यू.फिट गरी जम्मा थान २३८ को ३९३१.२२ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ/दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**सिद्धनाथ सामुदायिक वन उपभोक्ता समूह, भागेश्वर गा.पा वडा नं. ४, डडेल्धुरा**


# प्रतिनिधि सभा निर्वाचन

# बर्दिया–१ मा कांग्रेसबाट गौतमसहित ४ जनाको सिफारिस



**दीपकलाल श्रेष्ठ / मध्यान्ह**
बर्दिया, २४ मंसिर

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि नेपाली कांग्रेस बर्दिया क्षेत्र नं. १ ले चार जनाको नाम सिफारिस गरेको छ। मंसिर २३ गते बसेको क्षेत्रीय कार्यसमिति बैठकले केन्द्रीय परिपत्र अनुसार चार जनालाई प्रत्यक्षतर्फका उम्मेदवारका रूपमा नाम सुझाएको हो।

नेपाली कांग्रेस बर्दिया क्षेत्र नं. १ का सभापति मुक्तिनाथ यादवका अनुसार सिफारिसमा केन्द्रीय सदस्य तथा पूर्व सांसद संजय गौतम, रत्ना थारु, महेन्द्र कुमार शर्मा र गंगाधर पौडेल परेका छन्।

सञ्जय गौतम २०७०, २०७४ र २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा विजयी भएका थिए। २०७४ को चुनावमा उनले बामदेव गौतमलाई पराजित गरेका थिए। तर २०६४ सालको निर्वाचनमा भने उनी पराजित भएका थिए।

सिफारिसमा परेका महेन्द्र कुमार शर्मा नेपाल विद्यार्थी संघका पूर्व केन्द्रीय अध्यक्ष तथा कांग्रेसका केन्द्रीय आमन्त्रित सदस्य हुन्। रत्ना थारु र गंगाधर पौडेल कांग्रेसका महासमिति सदस्य हुन्।

प्रतिनिधि सभा समानुपातिकतर्फ मिश्रीलाल यादव, तिलक बहादुर बुढाक्षेत्री, लक्ष्मी ढकाल, रहिस अहमद सिद्धिकी, गोविन्दप्रसाद थारु, कालुराम बिक र पुष्पलाल श्रेष्ठको नाम सिफारिस गरिएको सभापति यादवले बताए। त्यस्तै राष्ट्रिय सभा सदस्यका लागि कांग्रेस बर्दियाबाट सभापति अरुण प्रकाश सिंह राठोर, महेन्द्र राज तिवारी र जावेदा खातुनको नाम सिफारिस गरिएको छ। जावेदा खातुन २०७९ सालमा कांग्रेसबाट समानुपातिक सदस्य रहेकी थिइन्।


## ओमनमा रोजगार

कम्पनी : ABO SULAIMAN — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९४ — LT. No.:335037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Presser | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Pressman | 1 | 0 | | 120 | ४४,७३० | | | | | | |
| 3. | Steam Pressing Worker | 2 | 0 | | 120 | ४४,७३० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३ गते (18 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Lic No.: 1786/082/083
Unity Placement Associate Pvt. ltd
Kathmandu-9, Nepal, Contact : 9803335656,
Email: Khagendra234@gmail.com, info@unityplacement.com.np

## साइप्रसमा रोजगार

कम्पनी : C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310 — शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०८/२३ — चलानी नं.: ६०२४८६७२ — L.T. No.: 335004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 0 | सम्बन्धित काममा दक्ष | 750 | १,२५,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Bartender | 5 | 0 | | 750 | १,२५,५२७ | | | | | | |
| 3. | Chambermaid | 5 | 5 | | 750 | १,२५,५२७ | | | | | | |
| 4. | Employee | 5 | 0 | | 800 | १,३३,८९६ | | | | | | |

कम्पनी : C. & C. PRIVATE EMPLOYMENT AGENCY-LIC. NO.310 — शहर : CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०८/२३ — चलानी नं.: ६०२४८६७१ — L.T. No.: 335003

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १,६७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cook B | 3 | 0 | | 900 | १,५०,६३३ | | | | | | |
| 3. | Cook C. | 5 | 0 | | 800 | १,३३,८९६ | | | | | | |
| 4. | Kitchen Cleaner | 5 | 0 | | 750 | १,२५,५२७ | | | | | | |
| 5. | Kitchen Helper | 10 | 0 | | 750 | १,२५,५२७ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३ गते (18 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ४०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

APPS SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं. ११७२/०७३/०७४
Balkumari-8, Lalitpur, Nepal, Tel: +977-01-5186018/5186030,
9818224732, 9700905161, 9709005164, 9709005166, 9818224732

## साउदीमा रोजगार

कम्पनी: ABDULLAH AL OTHAIM MARKETS COMPANY — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ — चलानी नं.: ६०२४४३५६ — L.T. No.: 330552 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Packer | 30 | 0 | स. काममा दक्ष | 1000 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३ गते (18 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LIKE INTERNATIONAL PVT.LTD
Lic No. 1580/079/080
Boudha-6, Kathmandu Contact No. 01-5922289, 9851356712
E-mail: Suraj@likeinternational.com.np, info@likeinternational.com.np, URL : www.likeinternational.com

## युएईमा रोजगार

कम्पनी: ORBIT TECHMAX CLEANING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९५ — L.T. No.:335040

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 10 | स. काममा दक्ष | 1000 | ३९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३ गते (18 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LAXMI RECRUITMENT SERVICE PVT. LTD.
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

## कतारमा रोजगार

कम्पनी : SWEET HOME SERVICES — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८२/०४/२२ — चलानी नं.: ६०२४२६९६ — LT. No.: 328756 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | JUICE MAKERS | 0 | 4 | स. काममा दक्ष | 1300 | ५१,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ३ गते (18 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

## साउदीमा रोजगार

कम्पनी : G CAR WASH FOR AUTO SERVICES — शहर:JEDDAH
पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं: ६०२४८६७९ — L.T. No.:335043

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३ गते (18 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AL FALAH GROUP HUMAN RESOURSE PVT. LTD.
License No: 1634/080/081
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5918948
Email: alfalahgroupnpl@gmail.com, Website: alfalahghr.com

## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनी: D.I. Main-line Job Agency — शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९६ — LT. No.: 335057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ward Assistant | 10 | 10 | स. काममा दक्ष | 850 | १,४२,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९२ — LT. No.:335042

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 10 | 10 | स. काममा दक्ष | 800 | १,३३,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८१/०८/२४ — चलानी नं.: ६०२४८६९८ — LT. No.: 335059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 10 | 0 | सम्बन्धित काममा दक्ष | 750 | १,२५,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Bartender | 10 | 0 | | 750 | १,२५,५२७ | | | | | | |

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९७ — LT. No.:335058

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Houseman | 20 | 0 | स. काममा दक्ष | 750 | १,२५,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९१ — LT. No.:335041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | स. काममा दक्ष | 700 | १,१७,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३ गते (18 December 2025) मा हुनेछ।
अन्तर्वार्ता Langtang Skills Academy, बसुन्धारा, काठमाडौंमा २०८२ पुस ४ गते (19 December 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LANGTANG OVERSEAS PVT.LTD.
Govt. Lic. No.:1643/080/081
Basundhara-3, Kathmandu, Nepal, ☎ 015903078, 014971229,
980-2392459 , 9802392456, 9851354196
Email - officelangtang@gmail.com, Web:- www.langtangoverseas.com

## सम्पादकीय

# जेनजीलाई वैधता

जेनजी आन्दोलनको झन्डै सय दिनपछि सरकार र आन्दोलनकारीबीच भएको १० बुँदे सम्झौता भएको छ। आन्दोलनमा संगठित समूहहरू तितरबितर भइसकेको स्थितिमा निरन्तरको संवादपछि सरकार जेनजी आन्दोलन (२३-२४ भदौ, २०८२)लाई वैधता दिन तयार भएको छ। यससँगै वर्षौंदेखिको असन्तोष, भ्रष्टाचार र कुशासनविरूद्धको जनआन्दोलनका रूपमा राज्यले औपचारिक स्वीकार गरेको छ।

सम्झौताले भदौ २३-२४ को प्रदर्शनलाई संरचनागत भ्रष्टाचार, दण्डहीनता, असमानता र राज्यप्रतिको निराशाले जन्माएको विस्फोटका रूपमा वर्णन गरेको छ। प्रतिनिधि सभा विघटनलाई 'जनविश्वास गुमाइसकेको सभा' घोषणा गरिएको छ भने आन्दोलनकै बलमा निर्वाचन मिति तोकिएको भनिएको छ। सम्झौताका धेरै बुँदा शासन सुधारसँग जोडिएका छन्। राजनीतिक, नीतिगत र संस्थागत भ्रष्टाचारको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्ने, सार्वजनिक पद र दलका नाममा सञ्चालन भएका प्रतिष्ठान, कोष तथा ट्रस्टहरूको गैरकानुनी गतिविधि प्रमाणित भए राष्ट्रियकरण गर्नेसमेत भनिएको छ।

त्यस्तै, आन्दोलनका क्रममा भएको गैरन्यायिक हत्या र अत्यधिक बल प्रयोगको छानबिनमा प्रतिबद्धता जनाइएको छ भने आन्दोलनमा सहभागी भएकै कारण मुद्दा परेका व्यक्तिहरूको १५ दिनभित्र 'स्क्रिनिङ' गरेर रिहा गर्ने सहमति छ। जेनजी-सरकार सम्झौतामा निर्वाचन सुधारमार्फत राजनीति सुधार्ने सहमति पनि छ। 'नो-भोट'को व्यवस्था, दलभित्र अनिवार्य प्राथमिक निर्वाचन, उम्मेदवारको सम्पत्ति विवरण अनिवार्य, दलका आर्थिक स्रोतको छानबिन, अस्वस्थ गठबन्धनको अन्य, सभापति/अध्यक्षलाई अधिकतम दुई कार्यकाल र संसद् सदस्यका लागि उमेर घटाएर २१ वर्ष कायम गर्न सरकारले प्रतिबद्धतासहित सम्झौता गरेको हो। सँगै विदेशमा रहेका नेपालीलाई मतदान अधिकार, अन्तरजिल्ला मतदान र निर्वाचनमा समानुपातिक समावेशीताको दायरा विस्तारलाई पनि जेनजीसँगको सम्झौताले समेटेको छ।

जेनजी परिषद् गठन गर्ने सहमतिले नयाँ पुस्तालाई प्रत्यक्ष नीति निर्माण प्रक्रियामा सहभागी गराउनेछ। सम्झौतामा प्रस्तावित संविधान सुधार आयोग नेपालको दीर्घकालीन शासन पुनरावलोकनको अवसर पनि हो। कार्यकाल सीमा, प्रतिनिधित्वका मापदण्ड, निर्वाचन प्रणालीको सुधार र दलभित्रको लोकतन्त्रका लागि भएको सम्झौता कार्यान्वयन हुँदा आगामी राजनीति स्थायित्वतर्फ उन्मुख हुनेछ। त्यसअर्थमा ढिलै भए पनि जेनजी आन्दोलनकारी शक्तिसँग भएको सम्झौताले राजनीतिक परिवर्तनपछिको सुधारतर्फ मुलुकलाई डोऱ्याउने अपेक्षा गर्न सकिन्छ। सरकारले पारदर्शिता र जवाफदेहितासहित सम्झौतालाई कडाइका साथ लागू गर्नुपर्छ। देश परिवर्तन कागजमा होइन, व्यवहारमा देखिनुपर्छ।

# राजनीतिमा खोजिएको जबाफदेहिता

*राजनीति जबाफदेही तब मात्र बन्छ, जब राज्यका संरचना, कानुन, नेतृत्व, नागरिक समाज, प्रेस र नागरिक सबै पक्ष मिलेर उत्तरदायी वातावरण निर्माण गर्छन्। कुनै एक पक्षले मात्र प्रयास गरेर पर्याप्त हुँदैन।*

**अग्रलेख**



● कमलराज अधिकारी

लोकतन्त्रको मूल आत्मा नै जबाफदेहिता हो। सत्ता हातमा पाउने मात्र लोकतन्त्रको सफलता होइन; जनताप्रति उत्तरदायी रहने, नीतिगत निर्णय र राज्य सञ्चालनको हरेक तहमा पारदर्शिता देखिने र गलत निर्णय वा दुरुपयोग भएमा सजिलै प्रश्न गर्न सकिने अवस्था नै वास्तविक लोकतन्त्रको आधार हो। तर धेरै देशमा, विशेषगरी विकासोन्मुख राजनीतिक संरचना भएका देशमा राजनीतिक शक्ति प्राप्त भएपछि नेताहरू जनतादेखि टाढा भएका पाइन्छन्। यस्तो चुनौतीपूर्ण अवस्थामा प्रश्न उठ्छ- राजनीतिलाई कसरी जबाफदेही बनाउने ?

नेपालजस्ता देशमा राजनीतिक संक्रमण लामो समय चलेपछि जनतामा राजनीति प्रति अनास्था बढ्नु स्वाभाविक हुन्छ। पटकपटक सरकार बदलिने, राजनीतिक प्रतिबद्धता पूरा नहुने, नेतृत्वको आचरणले नैतिकताको सीमा पार गर्ने, संसदीय मूल्यमान्यतामा कमीकमजोरी देखिने जस्ता कुराले जनताको विश्वास कमजोर बनाएको छ। जबाफदेहिता निर्माण गर्न पहिलो सर्त नै राजनीतिक नेतृत्वको चरित्र हो। नेतृत्व नैतिक, पारदर्शी र जनमुखी भएमा मात्रै संस्था बलियो हुने, नीति कार्यान्वयन प्रभावकारी हुने र जनताले पाएको सेवा सहज हुन्छ। जुन कुरा विश्वका धेरै उदाहरणले प्रमाणित गर्छन्। भारतका पूर्वराष्ट्रपति डा. एपिजे अब्दुल कलाम, दक्षिण अफ्रिकाका नेल्सन मन्डेला, सिंगापुरका ली कुआन युजस्ता नेताहरूले दिएको उदाहरण राजनीतिक जबाफदेहिताको वास्तविक पाठ पनि हो। उनीहरूले सत्तालाई विशेषाधिकारका रूपमा होइन, जिम्मेवारीको रूपमा बुझे। सार्वजनिक स्रोतको दुरुपयोग नगर्ने, निर्णय प्रक्रियामा पारदर्शिता कायम गर्ने र राष्ट्र हितलाई व्यक्तिगत वा पार्टी हितभन्दा माथि राख्ने गुणले उनीहरू 'सन्त नेता'का रूपमा चिनिए।

राजनीतिमा जबाफदेहिता विकास गर्न संस्थागत सुधार अत्यावश्यक हुन्छ। कानुन स्पष्ट नहुँदा वा कानुन कार्यान्वयन कमजोर हुँदा पनि नेताहरू जति नै राम्रो भए पनि राजनीतिक प्रणाली दिगो बन्न कठिन हुन्छ। भ्रष्टाचारविरुद्ध स्वतन्त्र, निष्पक्ष र सक्षम निकायको अस्तित्व पनि जबाफदेहिताको प्रमुख आधार हो। सिंगापुरमा भ्रष्टाचार नियन्त्रक निकायलाई उच्च स्वायत्तता र कठोर कानुनी दायित्व दिइएको थियो, जसले राजनीतिलाई स्वच्छ बनायो। दक्षिण कोरिया जस्ता देशहरूले पनि कानुनी कडाइ र संस्थागत स्वतन्त्रतामार्फत राजनीतिक-प्रशासनिक जबाफदेहिता कायम गरेका छन्। नेपालमा त्यस्ता संस्थाहरू कानुनी रूपमा त छन् तर व्यवहारमा उनीहरूको भूमिका निकै कमजोर छ। संवैधानिकरूपमा स्वायत्त र अधिकारसम्पन्न भनिएका ति निकायहरूले स्वतन्त्ररुपमा काम गर्न पाउँदैनन्। जहाँ राजनीतिक हस्तक्षेपविहीन वातावरणको कमी छ। संस्थाहरूलाई वास्तवमै स्वतन्त्र बनाइनु राजनीतिक जबाफदेहिताको एउटा प्रमुख उपाय हो।

अर्को पक्ष पारदर्शिता हो। सरकार गठनदेखि बजेट खर्च, ठेक्का प्रक्रिया, सार्वजनिक सेवाको वितरणदेखि निर्णय प्रक्रियाको प्रत्येक चरण खुला र नागरिकले हेर्न सक्ने गरी राख्नु जबाफदेहिताको आधारभूत तत्व हो। विश्वका विकसित लोकतन्त्रहरूले खुला डाटा प्रणाली, सार्वजनिक सूचना ऐनको प्रभावकारी प्रयोग, अनलाइन वातावरणमा सबै निर्णय तथा खर्च विवरण उपलब्ध गराउने अभ्यासले जनतालाई सरकार नजिक ल्याएका छन्। यसले नागरिकलाई प्रश्न गर्न सहज बनाएको छ। नेपालको सन्दर्भमा सूचना हेरफेर, कागजी जटिलता र गोप्य निर्णय प्रक्रियाले पारदर्शिता कमजोर बनाएको देखिन्छ। सूचना प्रवाह सरल, सहज र अनिवार्य बनाइने हो भने राजनीतिमा उत्तरदायित्व बलियो हुन सक्छ।

राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र पनि जबाफदेहिता निर्माणको अनिवार्य सूत्र हो। दलभित्र निर्णय केही व्यक्तिको हातमा सीमित हुने, उम्मेदवार छनोटमा पारदर्शिता नहुने, दलभित्र आलोचना स्वीकार नगर्ने संस्कृति रहँदा बाहिर जनताप्रति जबाफदेहिता कमजोर हुन्छ। भारतमा आमआदमी पार्टीले सुरुमा अपनाएको खुला सदस्यता, खुला बैठक र कार्यकर्तामार्फत नेताको मूल्यांकन गर्ने अभ्यास वा पश्चिमी देशहरूको दलभित्र हुने प्राथमिक निर्वाचन प्रणालीले दलभित्र नेतृत्वलाई जबाफदेही बनाउने प्रभावकारी अभ्यास देखाएका छन्। नेपालमा दलभित्रको गुट-उपगुट र शीर्षस्थ नेतृत्वमै निर्भर संरचनाले उत्तरदायित्वभन्दा शक्ति-सन्तुलनमा ज्यादा ध्यान दिन्छ। त्यसैले दलभित्रको लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्न सके मात्र राजनीतिक संस्कृति बदलिन सक्छ।



नागरिक समाज र सञ्चारमाध्यम राजनीतिक जबाफदेहिताका सशक्त खम्बा हुन्। स्वतन्त्र प्रेस, अनुसन्धानात्मक पत्रकारिता र सक्रिय नागरिकको आवाजले राजनीति सही मार्गमा लैजान ठुलो भूमिका खेल्छ। भ्रष्टाचार, नीति दुरुपयोग, मानव अधिकार उल्लंघनका घटनाहरू उजागर गर्न पत्रकारिता सक्षम हुनु अनिवार्य छ। हामीले उदाहरणका रूपमा नर्वे, स्विडेनजस्ता देशहरूमा उदाहरण लिन सक्छौं। जहाँ प्रेस स्वतन्त्रता उच्चस्तरमा रहेको र नागरिक समाज राज्यको निर्णयमा सचेत भूमिका खेल्ने भएकाले राजनीतिक नेतृत्व सहजै अनियन्त्रित बन्न सक्दैन। नेपालमा पनि पत्रकारिता सक्रिय छ तर राजनीतिक प्रभावबाट मुक्त छैन। नागरिक समाज पनि दलको झन्डाभन्दा बाहिर देखिन्न।

अर्को पक्ष नागरिकस्तरमा हुने चेतना हो। जनताले आफूमाथि कसले शासन गरिरहेको छ, सरकार कुन दिशा लिइरहेको छ, राज्यका स्रोत कहाँ खर्च भइरहेको छ भन्ने बुझ्ने अधिकार मात्रै होइन, दायित्वसमेत छ। विकसित लोकतन्त्रहरूमा नागरिकहरू कर तिर्नेमा सचेत छन्, कर तिरेपछि सोध्ने अधिकार पनि बलियो हुन्छ। तर जहाँ नागरिक चेतना कमजोर छ, त्यहाँ नेताहरूले जनतालाई भावनात्मक रूपमा मात्र प्रयोग गर्छन्, जबाफदेहिता माग्ने आवाज दब्छ। नेपालमा शिक्षा, सूचनाको अभाव, दीर्घकालीन राजनीतिक अस्थिरता र पार्टीगत विभाजनले नागरिक चेतना कमजोर बनाएको छ। यसलाई सुदृढ बनाउन विद्यालय तहदेखि नै नागरिक शिक्षा, संविधान सिकाइ, अधिकार र दायित्वबारे जागरण कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

> *पटकपटक सरकार बदलिने, राजनीतिक प्रतिबद्धता पूरा नहुने, नेतृत्वको आचरणले नैतिकताको सीमा पार गर्ने, संसदीय मूल्य मान्यतामा कमीकमजोरी देखिनेजस्ता कुराले जनताको विश्वास कमजोर बनाएको छ।*

त्यस्तै, ई-गभर्नेन्सको प्रयोगले पनि राजनीतिलाई जबाफदेही बन्न सहयोग पुऱ्याउँछ। उदाहरणका रूपमा एस्टोनिया, फिनल्यान्ड, दक्षिण कोरियाजस्ता देशहरूले प्रशासनिक सेवा डिजिटलाइजेसन गरेपछि भ्रष्टाचारको दरमा निकै गिरावट आयो, सेवामा पारदर्शिता बढ्यो र नीति कार्यान्वयन छिटो भयो। नेपालमा पनि कर तिर्नेदेखि सामाजिक सुरक्षाको भुक्तानीसम्मका केही डिजिटल प्रणाली लागू भएका छन् तर अझै विस्तार र सुधार आवश्यक छ। प्राविधिक प्रणाली पारदर्शी हुँदा नेता वा कर्मचारीले मनोमानी गर्ने सम्भावना न्यून हुन्छ।

राजनीतिलाई जबाफदेही बनाउन सबैभन्दा महत्वपूर्ण पक्ष भनेकै नेतृत्वको नैतिकता र संस्कृति हो। कुनै पनि देशमा 'सन्त नेता' बन्नेहरूलाई जनताले विशेष सम्मान गर्छन्। नेताहरूले जीवनशैली सरल राख्ने, सार्वजनिक स्रोतको कदर गर्ने, व्यक्तिगत स्वार्थभन्दा देशलाई प्राथमिकता दिने, सत्तामा हुँदा पनि आलोचना सहन सक्ने, भ्रष्टाचारविरुद्ध कठोर भएर उभिने गुणले राजनीति स्वच्छ बन्छ। नेपालमा पनि इतिहासले बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईजस्ता केही आदर्श नेता जन्माएको छ। उनीहरूले देखाएको सरल जीवन, सानाठुला सबैसँग संवाद गर्ने क्षमता, सिद्धान्तप्रति निष्ठा र लोकतन्त्रप्रतिको समर्पण आजका राजनीतिमा पाठ बन्न सक्छ। विश्वकै उदाहरणमा मन्डेला, लि क्युआन यु, अब्दुल कलामजस्ता नेताहरूले सिद्ध गरेका छन् कि राजनीतिक जबाफदेहिता नेतृत्वकै चरित्रबाट सुरु हुन्छ अनि मात्र संरचना बलियो बन्छन्।

राजनीति जबाफदेही तब मात्र बन्छ, जब राज्यका संरचना, कानुन, नेतृत्व, नागरिक समाज, प्रेस र नागरिक सबै पक्ष मिलेर उत्तरदायी वातावरण निर्माण गर्छन्। कुनै एक पक्षले मात्र प्रयास गरे पर्याप्त हुँदैन। लोकतन्त्र टिकाउ बन्न, विकास दिगो हुन र राज्य जनमुखी बन्न राजनीतिक जबाफदेहिता अनिवार्य पूर्वसर्त हो। जबाफदेहिताविहीन राजनीति अस्थिरता, भ्रष्टाचार, दुरुपयोग र असमानतामा परिणत हुन्छ। त्यसैले राजनीति जनताकै हितमा, जनताकै नजरमा र जनताकै निगरानीमा रहनुपर्छ। यही मार्गबाट मात्र एक उत्तरदायी, पारदर्शी र विश्वासिलो राजनीतिक प्रणाली निर्माण हुन्छ, जुन लोकतन्त्रको वास्तविक सार हो।

## इतिहासमा आज

११ डिसेम्बर १९९९ मा पोर्चुगलको साटा एयरको विमान अजोरेसको साओ जोर्ज टापुमा रहेको पिको दा एस्पेरान्सामा दुर्घटनाग्रस्त हुँदा ३५ जनाको मृत्यु भएको थियो।



११ डिसेम्बर २००१ मा चीन विश्व व्यापार संगठनमा सामेल भएको थियो।



११ डिसेम्बर २००६ मा मेक्सिकोका राष्ट्रपति फेलिप काल्डेरोनले मिचोआकान राज्यमा लागूऔषध कार्टेल हिंसालाई दबाउन सैन्य नेतृत्वमा आक्रमण सुरु गरे। यो प्रयासलाई प्रायः मेक्सिकन लागूऔषध युद्धको पहिलो घटना मानिन्छ।




११ डिसेम्बर २०१२ मा सिरियाको अक्राबको अलावाइट गाउँमा भएको बम विस्फोटमा कम्तीमा १ सय २५ जनाको मृत्यु भएको थियो भने २ सय जना घाइते भएका थिए।



## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

लोकतन्त्रमा शक्ति पृथकीकरण मान्नुको विकल्प छैन। तर दुनियाँलाई यो पनि राम्रो थाहा छ, न्यायालयलगायत राज्यका सबै अंगहरू पुराना दलका कार्ड होल्डरबाट भरिभराउ र कब्जा छन्। तिनले छनौटपूर्ण अभियोजन र सुविधाजनक फैसला गर्छन्। तिनका फैसला हेरेर न्याय बाँचेको वा मरेको दाबी गर्न सकिन्न।

राज्य दोहन गरेर हाम्रा लागि बाँची दिएका ओली, रामवरण, झलनाथहरू अझै हाम्रा कल्याणका लागि पार्टी नेतृत्व गर्न लालायित छन्। भाट स्तुतिगानमा व्यस्त छन्। तीनलाई लाग्छ- ती बेगर जीवन अधुरो छ। देश चल्न सक्दैन। कथित राजनीतिज्ञहरू आफ्नै दलभित्र राजतन्त्र बहाली गर्न उत्सुक छन्।



**हरि रोका**



**सेतेमान तामाङ**

अहिले जेनजीको नाममा राजनीतिक खोल ओढ्दै पार्टीभित्र वा बाह्य अर्थात् नेपाली राजनीतिमा देशभर जेनजीको नाम खरिद-बिक्री वा बार्गेनिङमा राख्ने गरेका छन्। तर जेनजी विचार नभई उमेर समूह हो, उनीहरूको चाहना राजनीतिक नेतृत्व होइन, सुशासनसहित स्थिर सरकार खोजेको हो।

केही कांग्रेसी सांसदहरूले संसद् पुनर्स्थापनाको रिट निवेदन गुण दोषका आधारमा हालेका होइनन्। मन नलागी अवकाश लिएका पार्टी सभापतिलाई उम्केको प्रधानमन्त्री फेरि पाइने लोभ देखाएर उनको कोटरीले बजाउन लगाएको बेमौसमी बाजा हो। जेनजी आन्दोलन एवं त्यसका अन्तर्य, सन्देश र मर्मको उपहास हो।



**जैनेन्द्र जीवन**

# हस्तिनापुरको कथा र कांग्रेस

**विचार**



● नारायणबहादुर बस्नेत

> *भीष्मको मौनता आज कांग्रेसको निष्क्रिय नेतृत्वमा झल्किन्छ। द्रौपदीको चीरहरण रोक्न नसकेको भीष्मजस्तै आज कांग्रेसका निर्णायक नेताहरू गलत निर्णय, भ्रष्टाचार, गुटबन्दी र पतन रोक्न नसकेर मौन दर्शक बनेर बसेका छन्।*

हस्तिनापुरका आजीवन रक्षक भीष्म, जसका लागि प्रतिज्ञा, धर्म, मूल्य र कर्तव्य जीवनको मेरुदण्ड थियो। अन्तिम घडीमा राज्यको समृद्धिको कामना गर्दै एक असल शासकले माग्न सक्ने महान् वरदान मागेका थिए- हस्तिनापुरमा घाम-पानीको कहिल्यै कमी नहोस्, नदी-झरनाहरू कहिल्यै नसुकी चलिरहोस्, बोटबिरुवाले वर्षैभर फल दिइरहोस्, राज्य सधैं समृद्ध, स्थिर र आत्मनिर्भर रहोस्। तर इतिहास साक्षी छ- धर्मको रक्षा गर्ने प्रतिज्ञामा बाँधिएका भीष्म द्रौपदीको अपमान रोक्न सकेनन्। ज्ञान-तपसी द्रोणाचार्य नुनको सोझो गर्ने नाममा दुर्योधनको अत्याचारसँग उभिए। त्यस क्षण हस्तिनापुरको भविष्य अन्धकारमा धकेलियो। मौनता र गलत पक्षको रक्षा सम्पूर्ण महाभारत विनाशको मूल कारण बन्यो।

आज यही गल्तीका छाया नेपाली कांग्रेसमा पनि उभिइरहेको देखिन्छ। गोपालमान श्रेष्ठ, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, प्रकाशशरण महत- यी नेताहरूको बाबुहरू पार्टीका निर्णायक केन्द्रमा थिएनन्। तर बिपी कोइरालाका पुत्र शशांक, गणेशमान सिंहका पुत्र प्रकाशमान, महेन्द्रनारायण निधिका पुत्र विमलेन्द्र- यी तीन नेताहरूमा भने पार्टीका महापुरुषहरूको विरासतको छाया गहिरो बसेको छ। यही कारणले रूढिवादी भाषामा 'पितृ दोष', आधुनिक भाषामा 'विरासतको बोझ'- यी नेताहरूले आफ्नो घरानाको गौरव जोगाउन नसकेको आरोप उनीहरूकै जमातले लगाइरहेछन्।

बिपी कोइराला मात्र होइनन्, उहाँका पिता कृष्णप्रसाद कोइरालाले फाटेको दौरा-सुरुवाल राणा प्रधानमन्त्रीलाई उपहार पठाएर इतिहास मोडिदिने चातुर्य देखाएको इतिहास छ। तर आज त्यही घरानाका शशांक कोइराला विकृत टिममा उभिन बाध्य हुनु कांग्रेस नेतृत्वको गम्भीर संकट हो। त्यही छिमेकी नेतृत्व गणेशमान सिंह, जो आफैं प्रधानमन्त्री बन्न योग्य थिए तर पार्टी र आन्दोलनलाई प्राथमिकता दिएका नेता, उहाँकै छोरा प्रकाशमान सिंह देउवासँग सम्झौता गरेर आफ्नी श्रीमतीलाई मेयर बनाउनु परिरहेको छ। निधि परिवारमा पनि पद नचाहने महेन्द्रनारायण निधिका छोरा विमलेन्द्र निधि पदकै शक्ति पछाडि लाग्नु नैतिक मूल्यको क्रमशः क्षयलाई प्रस्ट पार्छ।

भीष्मको मौनता आज कांग्रेसको निष्क्रिय नेतृत्वमा झल्किन्छ। द्रौपदीको चीरहरण रोक्न नसकेको भीष्मजस्तै आज कांग्रेसका निर्णायक नेताहरू गलत निर्णय, भ्रष्ट्राचार, गुटबन्दी र पतन रोक्न नसकेर मौन दर्शक बनेर बसेका छन्। द्रोणाचार्यले दुर्योधनको नुन खाएर अधर्मको पक्ष लिएजस्तै आज कांग्रेसभित्र पनि 'दबाब', 'गुट' र 'स्वार्थको नुन'अनुसार चल्ने द्रोणाचार्यहरूको कमी छैन। महाभारतमा द्रौपदी अपमानित भइन् र आज कांग्रेसमा दशकौं समर्पित कार्यकर्ताहरू गुटबन्दीको खेलमा अपमानित भइरहेका छन्, उनका त्याग र श्रमका मूल्य शून्य बनाइँदै छ।

आदरणीय अध्यक्ष शेरबहादुर देउवा ज्यु- फेरि तपाईंकै अरू पानाहरू कोरिन खोज्दै छ। यदि फेरि प्रधानमन्त्री बन्ने इच्छा छ भने स्पष्ट भन्नुस्- कसको सहारा ? एमाले कि माओवादी ? यो डिजिटल युग हो- २४ घण्टामै सत्ता गठन-विघटन हुन्छ तर कांग्रेस नेतृत्वको निर्णयहीनता महिनौंसम्म रोइरहन्छ। पहिले पनि तपाईंलाई अक्षम प्रधानमन्त्रीको उपमा दिइयो, अब इतिहासले फेरि अन्तिम प्रश्न सोधिरहेको छ- 'देशको इतिहासमा राम्रो उपमा कमाएर जान चाहनुहुन्छ कि कांग्रेस इतिहासकै सबैभन्दा कमजोर नेतृत्वको दाग बोक्दै बिदा हुन चाहनुहुन्छ ?' उत्तर अब तपाईंको हातमा छ।

हस्तिनापुरले भीष्मको बरदान पाउन सकेन, कांग्रेस पनि पाउने कि गुमाउने ? भीष्मले हस्तिनापुरका लागि मागेका थिए- घाम-पानीको कमी नहोस्, पानी कहिल्यै नसुक्योस्, बोटबिरुवाले फल दिइरहोस्, राज्य समृद्ध रहोस्। तर सभामा भएको अन्याय रोक्न नसक्दा त्यो बरदान हस्तिनापुरले पाएन, साम्राज्य ढल्यो। आज नेपाल आमाले पनि आफ्ना छोराछोरीलाई चेताउँदै छिन्, 'सत्यको पक्षमा उभ, धर्म नछाड, गुटको अन्धकारमा नहराऊ, नत्र कांग्रेस पनि हस्तिनापुर जस्तै इतिहासको मात्र एउटा अध्याय बन्न सक्छ।' युग फेरिँदै छ- तर नेतृत्व फेरिन सक्ने कि नसक्ने यही कांग्रेसको निर्णायक प्रश्न हो।

# ‘लुटिएका हतियार फिर्ता नभए चुनाव जोखिमपूर्ण’




**काठमाडौं/मस–** जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार अझै पूर्ण रूपमा फिर्ता नआएको भन्दै राष्ट्रिय स्वतन्त्र नागरिक समाज नेपालले आसन्न निर्वाचनको सुरक्षा वातावरणप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ।

काठमाडौंमा आयोजित ‘नेपालमा लुटिएका हतियारले आसन्न निर्वाचनमा पार्ने असर’विषयक पत्रकार सम्मेलनमा संगठनका पदाधिकारीहरूले भयरहित तरिकाले मतदान प्रक्रियामा सहभागी हुने अवस्था नभएको दाबी गरे।

जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार फिर्ता नभएसम्म भयरहित तरिकाले मतदान गर्ने वातारण हुनेमा आशंका पैदा भएको छ।

पत्रकार सम्मेलनमा राष्ट्रिय स्वतन्त्र नागरिक समाजका अध्यक्ष फणिन्द्र नेपालले सरकारले १३/१४ सय हतियार तथा डेढ/दुई लाख गोली लुटिएकोमा आधा भन्दा बढी फेला परे पनि आधा भन्दा केही कम फेला नपरेको बताइरहेको स्मरण गराउँदै सुरक्षाकर्मीबाट लुटिएका सबै हतियार फिर्ता नभएसम्म भयरहित तरिकाले मतदान गर्ने वातारण नहुने बताए।

उनले हतियार कसैले रमाइलो गर्न नलुटेको बरु भदौ २४ गते भन्दा अझ भयानक अवस्था सिर्जना गरी नेपालाई खरानी बनाउने ग्रान्डडिजाइनसहित कुनै राष्ट्र लागेको हुन सक्ने आशंका गरे।

गृहमन्त्री ओम प्रकाश अर्यालले हतियार खोलाले बगायो भनेर केटाकेटीको जस्तो कुरा गरेको भन्दै उनले बगाएको भए प्रमाण देखाउन र फेला परेका हतियार पत्रकारका सामु सार्वजनिक गर्न चुनौति दिए।

अध्यक्ष नेपालले आफूहरू सरकारको विरोधी नभएको, तर सरकारले जेनजी आन्दोलनको भावना अनुरुप काम नगरेको बताए। उनले अहिलेकै अवस्थामा चुनाव भए पुरानै दल दोहोरिन सक्ने बताए। जेनजीका माग पूरा गर्न आवश्यक परे अन्तरिम सरकार बनाएर संविधान संशोधन गर्नुपर्ने पनि उनले बताए।

सोही कार्यक्रममा राष्ट्रिय स्वतन्त्र नागरिक समाजका उपाध्यक्ष एवं नेपाल प्रहरीका पूर्वएआइजी रणबहादुर चन्दले सुरक्षाकर्मीबाट लुटिएका हतियार फिर्ता नभएसम्म भयरहित नरिकाले मतदान गर्ने वातावरण नहुने भएकाले सरकारले हतियार फिर्ता गर्न सहयोग गर्न सम्पूर्ण देशवासीलाई सार्वजनिक रूपमा आह्वान गर्नुपर्ने सुझाव दिए।

उनले हतियार फिर्ता गर्ने अभियानमा आमनागरिक र सबै राजनीतिक दलले पनि आ-आफ्नो ठाँउबाट सहयोग गर्नुपर्ने बताए।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

श्रीनाथ घोषको नाति, लोकनाथ घोषको छोरा, झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ०५ बस्ने, यस बैंकको भद्रपुर शाखा कार्यालयको खातावाला महादेब घोषको मिति २०८२/०५/३१ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा आकाश घोषले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/२५**

**बि एण्ड के इन्टरटेन्मेन्ट प्रा. लि.** को मिति २०७२/०८/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्याराडक्स फिल्म्स प्राइभेट लिमिटेड (प्रा.लि नं. १३४५६९)** कायम गर्ने गरी मिति २०८२/०८/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## काठ/दाउरा संकलन सम्बन्धी १५ दिने सुचना

**पहिलो पटक सूचना प्रकाशित मिति २०८२/०८/२५ गते**

डिभिजन वन कार्यालय पहलमानपुर कैलाली, अन्तर्गतको सव डिभिजन वन कार्यालय सुखडको कार्यक्षेत्रमा पर्ने घोडाघोडी न.पा.- ०४, स्थितै मेलघट्टी खोपरी सरकारद्वारा व्यवस्थित वन ढलापडा/सुखाखडा, मेलघट्टी किले सरकारद्वारा व्यवस्थित वन ढलापडा/सुखाखडा, मेलघट्टि उतर सरकारद्वारा व्यवस्थित वन ढलापडा/सुख्खाखडा, मेलघट्टी उत्तर शिबगङ्गा सरकारद्वारा व्यवस्थित वन सुखाखडा/ढलापडा क्षेत्रमा रहेका सुखखडा/ढलापडा रूखहरू संकलन (कटान. मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दररेट (कैलाली) अनुसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट वमोजिम गोलिया काठ संकलन प्रति क्यू फि. रु १६७.८१/- र दाउरा संकलन प्रति चट्टा १६,१३१। मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं.(PAN) वा मु.अ.कर दर्ता नंम्बर, आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले पहिलो पटक सूचना प्रकाशन भएको मितिले १५ (प्रन्ध) औं दिनको कार्यालय समय भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीबाट बोलपत्र खरिद गरि सिलबन्दी बोलपत्र १६ (सोह्र) औं दिन दिनको १:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धि विस्तृत सूचना यस कार्यालयमा तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टांस गरिने व्यहोरा जानकारी गरिन्छ।

**श्री डिभिजन वन कार्यालय पहलमानपुर, कैलाली**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/२५**

**लक्युना भेन्चर** को मिति २०८२/०३/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एमक्युव भेन्चर्स (दार्ता नं. २३७१९६)** कायम गर्ने गरी मिति २०८२/०४/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Metta International Pvt. Ltd. **(श्रम इजाजत पत्र नं. ५३०/०६१/०६२)** मा कार्यरत निम्न कर्मचारीहरु यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै निजहरुसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला। यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | उसा तामाङ | २७–०२–७७–०१२०८ | अफिस असिस्टेन्ट |
| २. | हरेन्द्र पाण्डे | ७५१००१/१५१ | लेबर रिप्रेसेन्टेटिभ |
| ३. | राजेन्द्र प्रशाद भट्ट | ७५१००३/५२९५ | लेबर रिप्रेसेन्टेटिभ |
| ४. | आशिष स्वर | ६९–०१–७२–०२४४७ | डकुमेनटेशन अफिसर |
| ५. | रामेश ठकुरी बराही | १७३०१०–१०६६ | मार्केटिङ अफिसर |
| ६. | माधव बम | ६७–१७–७०–००३३९ | पब्लिक रिलेसन अफिसर |

**Metta International Pvt. Ltd.**
श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४११११२६९, ४११११२६७ Fax.: 4112978, Mobile No:9848697395
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

---

**किसान बहुउद्देश्यीय सहकारी संस्था लि.**
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

**केन्द्रीय कार्यालयः**
**लम्कीचुहा न.पा.-१, लम्की, कैलाली**
**फोन नं. ०९१-५४०४२६, ५४०४८६, १६६०९११७३३३**
wwwkisancoopcom, info@kisancoopcom

**लम्कीचुहा-१, लम्की, कैलालीको**

## धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२५ गते (मध्यान्ह राष्ट्रिय दैनिक)**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित सदस्यहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको र निज ऋणी सदस्यहरुले कर्जा लिँदाका बखत यस संस्थासँग भए गरेको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित तथा सार्वजनिक सूचना मार्फत तरताकेता गर्दा समेत ऋण भुक्तान नगरी सहकारी संस्थासँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले सहकारी संस्थाले विभिन्न मितिहरुमा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी जमानीकर्ताहरु र व्यक्तिगत धनजमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत उक्त ऋणको साँवा व्याज, हर्जाना तथा अन्य दै-दस्तुर भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५ को दफा ३० को उपदफा १ को खण्ड (ख) र संस्थाको कर्जा नीति, निर्देशिका २०६३ तथा प्रचलित अन्य कानुनको अधिनमा रही उपरोक्त ऋणहरुको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्तिहरु (घर-जग्गा) जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि सहकारी संस्थाको लेना रकम असुलउपर गर्नको लागि यो ३५ (पैंतीस) दिने लिलाम बिक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ, धितोमा रहेका उक्त सम्पत्ति (घर/जग्गा) गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-सस्थाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक यस सहकारी संस्थाको केन्द्रीय कार्यालय लम्की, कैलालीमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपशिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सहकारी ऐन २०७४ को उपदफा ६ बमोजिम संस्थाले आफै सकार गरि लिने, सकार गरि लिई वा लिलाम बिक्री भई सहकारी संस्थाले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा ३, सहकारी नियमावली २०७५ को दफा ३२ को उपदफा १ र यस सहकारी संस्थाको कर्जा नीति निर्देशिका तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी सदस्य, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम समावेश गर्नको लागी सिफारिश गरी पठाइने साथै यसरी सूचना प्रकाशित गर्दा लागेको प्रशासनिक खर्च र कर्जा असुलीको क्रममा लागेको कानुनी खर्च ऋणी सदस्यको कर्जा खातामा समावेश गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपशिल**

### ऋणी, व्यक्तिगत जमानतकर्ता र लिलाम हुने धितोको विवरण

**१. ऋणीको नाम, थर : भगत चौधरी, (जोशीपुर शाखा)**
ना.प्र.प.नं. ६७२०३४/६२३४ (कैलाली), बाजेको नामः दाहु डगौरा, बाबुको नामः बरातीलाल डगौरा, ठेगानाः जोशीपुर गा.पा ४ डहरबेरिया कैलाली
**व्यक्तिगत जमानतकर्ता : सोनिया चौधरी** ना.प्र.प.नं :६७२०३४/४२१८५ (कैलाली), ससुराको नामः बरातीलाल डगौरा, पतिको नामः भगत चौधरी, ठेगानाः जोशीपुर गा.पा ४ डहरबेरिया कैलाली
**लिलामहुने धितोको विवरण :**
**ठगिया डगौराको** नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक नवलपुर गा.वि.स. वडा नं ९ स्थित कि.न.५०० को क्षे.फ. ०-३-१०-० रहेको जग्गा र वडा नं ७ स्थित क्रमशः कि.नं.५३२ को क्षे.फ. ०-७-६-० रहेको जग्गा उक्त जग्गामा घर टहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणीको नाम, थर : अन्तराम डगौरा, (जोशीपुर शाखा)**
ना.प्र.प.नं. २०९८ (कैलाली), बाजेको नामः सुन्दर लाल डगौरा, बाबुको नामः बुधराम डगौरा, ठेगानाः जोशीपुर गा.पा वडा नं ६ कुमारीबाग, कैलाली
**व्यक्तिगत जमानतकर्ता : सरस्वती देवी डगौरा**
ना.प्र.प.नं : ९२२ (कैलाली), ससुराको नामः बुधराम डगौरा, पतिको नामः अन्तराम डगौरा, ठेगानाः जोशीपुर गा.पा वडा नं ६ कुमारीबाग, कैलाली
**लिलामहुने धितोको विवरण :**
**अन्तराम डगौराको** नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक सिमरी गा.वि.स. वडा न.१ स्थित कि.नं. ८७६ को ०-१-१०-० क्षेत्रफल रहेको जग्गा लगायत सो जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत।

**३. ऋणीको नाम, थर : अमितेस झा, (टीकापुर बि शाखा)**
ना.प्र.प.नं.: ३५३१/३७० (कैलाली,) बाजेको नाम. गोपीकान्त झा, बाबुको नामः भवनाथ झा, ठेगानाः टीकापुर न.पा. वडा नं ७ सत्ति कैलाली
**व्यक्तिगत जमानतकर्ता : सुश्री प्रेमा खनाल (झा)**
ना.प्र.प.नं.: १३५५ ससुराको नामः भवनाथ झा, बाबुको नामः अमितेस झा, ठेगानाः टीकापुर न.पा. वडा नं ७ सत्ति कैलाली
**लिलामहुने धितोको विवरण :**
**सुश्री प्रेमा खनाल (झा) को** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक नारायणपुर गा.वि.स.वडा न.९ ख स्थित, कि.नं.३७६ को १७७७.५६ व.मि क्षेत्रफल रहेको जग्गा र उक्त जग्गामा बनेको घरटहारा लगायत सम्पूर्ण लिगलगापात समेत।

**४. ऋणीको नाम, थर : कमल राज डगौरा, (मोतीचोक शाखा)**
ना.प्र.प.नं.: ९९० कैलाली, बाजेको नामः डोडलु डगौरा, बाबुको नामः धनिराम डगौरा, ठेगानाः भजनी न.पा वडा.न ०७ चर्रा, कैलाली
**व्यक्तिगत जमानतकर्ता : चैतराम चौधरी**
ना.प्र.प.नं.: ६७२०३०/५१५३ (कैलाली), बाजेको नामः बिश्राम डगौरा, बाबुको नामः लरनु डगौरा, ठेगानाः भजनी न.पा वडा.न ०७ चर्रा कैलाली
**लिलामहुने धितोको विवरण :**
**चैतराम चौधरीको** नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक खैलाड गा.वि.स वडा नं ५ स्थित, कि.नं. ७०८, ७०५ र ७१२ को क्रमशः १६९३.१५ व.मि, १०१५.८९ व.मी. र १७१८.५५ व.मी क्षेत्रफल रहेको जग्गाहरु लगायत उक्त जग्गा रहेका सम्पूर्ण लिगलगापात समेत।

**५. ऋणीको नाम, थर : पुतली देवी पार्की, (मोतीचोक शाखा)**
ना.प्र.प.नं. : ६७१०२०/४०६४ (कैलाली), ससुराको नामः शालिभान पार्की, पतिको नामः घनश्याम पार्की, ठेगानाः धनगढी ९ गौरीकटान, कैलाली
**व्यक्तिगत जमानतकर्ता : घनश्याम पार्की**
ना.प्र.प.नं.१८२०३ (कैलाली), बाजेको नामः बोडे पार्की, बाबुको नामः शालिभान पार्की, ठेगानाः धनगढी ९ गौरीकटान, कैलाली
**लिलामहुने धितोको विवरण :**
**पुतली देवी पार्कीको** नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक त्रिनगर गा.वि.वडा न.२ स्थित, क्रमश कि.नं.७२९ को १३५४.५२ व.मि क्षेत्रफल रहेका जग्गाहरु र उक्त जग्गामा बनेका घरटहारा लगायत सम्पूर्ण लिगलगापात समेत।

**६. ऋणीको नाम, थर : दिपेश कठरिया, (मोतीचोक शाखा)**
ना.प्र.प.नं. : ६७२०३३/१२३२० (कैलाली), बाजेको नामः छोटकन्ना कठरिया थारु, बाबुको नामः कन्दर कठरिया थारु, ठेगानाः बर्दगोरिया न.पा.वडा.न ५ कोइलिभुरुवा, कैलाली
**व्यक्तिगत जमानतकर्ता :कन्दर कठरिया थारु** ना.प्र.प.नं.१११९ (कैलाली), बाजेको नामः भुली कठरिया थारु, बाबुको नामः छोटकन्ना कठरिया थारु, ठेगानाः बर्दगोरिया न.पा.वडा.न ५ कोइलिभुरुवा, कैलाली
**व्यक्तिगत जमानतकर्ता : आशिष कुमार कठरिया थारु**
ना.प्र.प.नं. ६७३०३३/१८४ (कैलाली), बाजेको नामः भुली कठरिया, बाबुको नामः छोटकन्ना कठरिया, ठेगानाः बर्दगोरिया न.पा.वडा.न ५ कोइलिभुरुवा, कैलाली
**लिलामहुने धितोको विवरण :**
**कन्दर कठरिया थारुको** नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक कोटा तुल्सीपुर गा.वि.स.वडा न. ६ स्थित, कि.नं.४६९, ४७०, ४७१, ४७२, ४८३, ४८४, ४८९ र ४९० को क्षेत्रफल क्रमशः ५३१६.६४ व.मि.,३३८६४ व.मि ५२८२.७८ व.मी.., ३३८.६४ व.मि., ५०७.९६व.मि., ५०७.९६ व.मि., २८७.८४ व.मि.र ३०४.७८ व.मि क्षेत्रफल रहेका जग्गाहरु लगायत उक्त जगामा रहेका सम्पूर्ण लिगलगापात समेत।

**७. ऋणीको नाम, थर :रतरानी देवी कठरिया, (बौनिया शाखा)**
ना.प्र.प.नं. : २५९४६ (कैलाली), ससुराको नामः लक्ष्मीनारायण क. थारु, पतिको नामः मनोज कुमार कठरिया, ठेगानाः बर्दगोरिया न.पा.वडा.न ५ कोइलिभुरुवा कैलाली
**व्यक्तिगत जमानतकर्ता : मनोज कुमार कठरिया** ना.प्र.प.नं.२५९४० (कैलाली), बाजेको नामः लालजी क. थारु, बाबुको नामः लक्ष्मीनारायण क.थारु, ठेगानाः बर्दगोरिया न.पा.वडा.न ५ कोइलिभुरुवा, कैलाली
**व्यक्तिगत जमानतकर्ता : गणेश कठरिया थारु**
ना.प्र.प.नं. ६७२०३३/५३७४ (कैलाली), बाजेको नामः तोरी कठरिया थारु, बाबुको नामः जग्गु कठरिया.थारु, ठेगानाः बर्दगोरिया न.पा.वडा.न ५ कोइलिभुरुवा, कैलाली
**लिलामहुने धितोको विवरण :**
**मनोज कुमार कठरियाको** नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक कोटा तुल्सीपुर.वडा न. ६ स्थित ७१४ को क्षे.फ.०-१-०-० रहेको जग्गा र वडा नं ७ स्थित कि.न.४८१ को क्षे.फ. ०-५-१०-० रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।

**८. ऋणीको नाम, थर : अनिसा थारु, (लम्की शाखा)**
ना.प्र.प.नं. : ६७२००२/७१९६४ (कैलाली), ससुराको नामः बाँधु थारु, पतिको नामः राज बहादुर थारु, ठेगानाः लम्कीचुहा न.पा.वडा. नं ६ पिपरकोटी कैलाली
**व्यक्तिगत जमानतकर्ता : बाँधु थारु**
ना.प्र.प.नं. १५८९ (कैलाली), बाजेको नामः गेहुवा थारु, बाबुको नामः जोगी थारु, ठेगानाः लम्कीचुहा न.पा.वडा.नं ६ पिपरकोटी, कैलाली
**व्यक्तिगत जमानतकर्ता : राज बहादुर थारु**
ना.प्र.प.नं. ६७२००३/४५९६३ (कैलाली), बाजेको नामः जोगी थारु, बाबुको नामः बाँधु थारु, ठेगानाः लम्कीचुहा न.पा.वडा.नं ६ पिपरकोटी कैलाली
**लिलामहुने धितोको विवरण**
**बाँधु थारुको** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक चुहा गा.वि.स. वडा न.७ स्थित कि.नं. २३१६ को ०-१-०-० क्षेत्रफलको जग्गा र **राज बहादुर थारुको** नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता श्रेष्ता कायम रहेको साविक चुहा गा.वि.स.वडा न. ७ स्थित, कि.नं.२३८८ को ०-०-१७-१ क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।

**९. ऋणीको नाम, थर : धनिराम चौधरी, (लम्की बि शाखा)**
ना.प्र.प.नं. : ६७/**३९७९/१७४** (कैलाली), बाजेको नामः खुशीलाल चौधरी, बाबुको नामः बम बहादुर थारु, ठेगानाः लम्कीचुहा न.पा.वडा.नं ६ सोनपुर कैलाली
**व्यक्तिगत जमानतकर्ता : शान्ती चौधरी**ना.प्र.प.नं. ६२९१ (कैलाली), ससुराको नामः बम बहादुर थारु, पतिको नामः धनिराम चैधरी, ठेगानाः लम्कीचुहा न.पा.वडा. नं ६ सोनपुर, कैलाली
**लिलामहुने धितोको विवरण**
**धनिराम चौधरीको** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक प्रतापपुर गा.वि.स.वडा न.९ स्थित कि.नं.९०२, ९०३, ९०४, ९०५ को क्रमशः क्षे.फ.०-०-६-०, ०-०-६-०, ०-०-६-०, ०-०-६-०, रहेका जग्गा, **शान्ती चौधरीको** नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली साविक मनिकापुर गा.बि.स.वडा नं.६ कि.न.२३९ को क्षे.फ ०-८-१-० रहेको जग्गा र **बम बहादुर थारुको** नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता श्रेष्ता कायम रहेको साविक प्रतापपुर गा.वि.स.वडा न.९ स्थित, कि.नं.९२२ को क्षे.फ.०-८-१३-० रहेको जग्गा लगायत उल्लेखित जग्गाहरुमा रहेका सम्पूर्ण लिगलगापात समेत।

**१०. ऋणीको नाम, थर : खुशीराम चौधरी, (टीकापुर बि शाखा)**
ना.प्र.प.नं. : १६०७६ (कैलाली), बाजेको नामः बिर बहादुर थारु, बाबुको नामः कालीचरण चौधरी, ठेगानाः जानकी गा.पा. वडा. नं ८ मटेरा, कैलाली
